नेपाल सरकार

# अर्थ मन्त्रालय

(वित्तीय संघीयता समन्वय महाशाखा)

पत्र संख्याः- वि.सं.स.म.२०८०/८१

च. नं.:- २

सिंहदरबार, काठमाडौं
नेपाल ।

मिति २०८०/०४/०१

**विषयः आर्थिक वर्ष २०८०/८१ को अन्तर सरकारी वित्तीय हस्तान्तरण कार्यान्वयन सम्बन्धी व्यवस्था र मार्गदर्शन।**

श्री सचिवज्यू,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
कोशी प्रदेश,विराटनगर।

नेपालको संविधान र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश तथा स्थानीय तहलाई नेपाल सरकारले आर्थिक वर्ष २०८०/८१ मा उपलब्ध गराउने वित्तीय समानीकरण अनुदान, विशेष अनुदान, समपूरक अनुदान, सशर्त अनुदान एवं राजस्व बाँडफाँटको रकम विनियोजन ऐन, २०८० बमोजिम स्वीकृत भइसकेको व्यहोरा यहाँलाई अवगत नै छ। उक्त ऐनमा व्यवस्था भए अनुरुप अनुदान हस्तान्तरणको साथै योजना तथा कार्यक्रम हस्तान्तरण एवं कार्यान्वयन गर्नुपर्ने हुँदा ती प्रावधानहरु सहितको मार्गदर्शन यस मन्त्रालयको मिति २०८०/०४/०१ को निर्णयानुसार (सचिवस्तर) यहाँको जानकारी तथा कार्यान्वयनको लागि पठाएको छु। यसबाट वित्तीय हस्तान्तरणका साथै योजना तथा कार्यक्रम कार्यान्वयनमा सहजता आउने विश्वास लिइएको छ। वित्तीय समानीकरण अनुदान, विशेष अनुदान, समपूरक अनुदान, सशर्त अनुदान र राजस्व बाँडफाँटको रकमको साथै आयोजना तथा कार्यक्रमहरु प्रदेश स्तरीय मन्त्रालयगत वजेट सूचना प्रणाली (Provincial Line Ministry Budget Information System -PLMBIS) मा प्रविष्ट गरिएकोले सोही प्रणालीबाट अवगत गर्नु हुन समेत अनुरोध छ।

## अन्तर सरकारी वित्तीय हस्तान्तरणः

१. विनियोजन ऐन, २०८० को दफा ४ को उपदफा (३) बमोजिम वित्तीय समानीकरण अनुदानको एकचौथाईले हुन आउने रकम महालेखा नियन्त्रक कार्यालयले प्रदेश सञ्चित कोषमा सम्वत् २०८० भाद्र २ गते, कार्तिक २ गते, माघ २ गते र २०८१ वैशाख २ गते गरी चार किस्तामा हस्तान्तरण गर्नेछ।

२. सशर्त अनुदान रकमको एक तिहाईले हुन आउने रकम महालेखा नियन्त्रक कार्यालयले प्रदेशको सञ्चित कोषमा प्रत्येक वर्षको भाद्र २ गते हस्तान्तरण गर्नेछ।

सह सचिव

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. [illegible]

३. सशर्त, समपूरक र विशेष अनुदान कार्य प्रगतिको आधारमा हस्तान्तरण गर्ने नीति अख्तियार गरिएको छ।

४. मुलुकमा विपद्, कुनै असामान्य परिस्थिती वा अन्य कुनै कारणबाट अनुमान अनुसार राजस्व सङ्कलन हुन नसकेमा वित्तीय समानीकरण अनुदानको पहिलो किस्ता बाहेक अन्य किस्ता सङ्कलित राजस्वको लक्ष्य र सोको अनुपातको आधारमा नेपाल सरकारले पुनः निर्धारण गरी हस्तान्तरण गर्न सक्नेछ।

५. वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण प्रदेशले सम्वत् २०८० कार्तिक १ गते, माघ १ गते, २०८१ वैशाख १ गतेभित्र र वार्षिक आर्थिक विवरण २०८१ साउन मसान्तभित्र तथा बुँदा नं.३ बमोजिम नेपाल सरकारबाट हस्तान्तरण भएको रकमको खर्च विवरण नेपाल सरकारले निर्धारण गरेको समयमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ । त्यस्तो विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम प्रदेश सञ्चित कोषमा हस्तान्तरण गरिने छैन।

६. प्रदेशले सशर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको योजना तथा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना तथा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयन प्रक्रिया, खर्च अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाह विवरण र सम्बन्धित प्रदेश सभाले पारित गरेको राजस्व र व्ययको अनुमान सम्वत् २०८० साउन मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ।

७. बुँदा नं. ६ बमोजिमको कार्ययोजनाको भौतिक प्रगति तथा खर्च विवरण प्रदेशले २०८० मङ्सिर १५ गते, चैत्र १५ गते, २०८१ असार १५ गतेभित्र र वार्षिक आर्थिक विवरण २०८१ श्रावण मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ।

८. बुँदा नं. ७ बमोजिमको खर्चको विवरणको आधारमा महालेखा नियन्त्रक कार्यालयले प्रदेशमा हस्तान्तरण भएको सशर्त अनुदानको रकम समायोजन गरी बाँकी रकम सोधभर्ना निकासा दिनु पर्नेछ ।

९. नेपाल सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम महालेखा नियन्त्रक कार्यालयले प्रदेशलाई समपूरक र विशेष अनुदान रकम हस्तान्तरण गर्नु पर्नेछ ।

१०. सशर्त, समपूरक र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित प्रदेशले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत विनियोजन ऐन, २०८० को दफा (४) को उपदफा (१२) बमोजिम आर्थिक वर्ष समाप्त भएको १५ दिन (सम्वत् २०८१ श्रावण

सह सचिव

१५ गते) भित्र सङ्घीय सञ्चित कोषमा फिर्ता दाखिल गर्नु पर्नेछ। बचत रकम फिर्ता दाखिल नभएमा महालेखा नियन्त्रक कार्यालयले अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान वा राजस्व बाँडफाँटको रकमबाट कट्टा गरी समायोजन गर्नेछ।

११. राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम विभाज्य कोषमार्फत मासिक रूपमा महिना समाप्त भएको १५ दिनभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रदेश सञ्चित कोषमा जम्मा गर्नेछ।

१२. प्रदेश सरकारले संकलन गरी स्थानीय तहमा बाँडफाँट गर्ने सवारी साधन कर अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा ५ बमोजिम महिना समाप्त भएको १५ दिनभित्र बाँडफाँट गरी पठाउने व्यवस्था मिलाउनु हुनेछ ।

१३. विषयगत मन्त्रालयले प्रदेशमा कार्यान्वयन हुने सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत सञ्चालन हुने आयोजना तथा कार्यक्रमको अद्यावधिक अभिलेख राख्नु पर्नेछ ।विनियोजन ऐन, २०८० बमोजिम प्रदेश र स्थानीय तहले सशर्त अनुदान अन्तर्गतका हस्तान्तरण भएका कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा हस्तान्तरण भएको रकम अपर्याप्त भई थप रकम आवश्यक भएमा सशर्त अनुदान हस्तान्तरण हुँदाका बखतका साविकका आयोजनाको शुरू सम्झौता बमोजिमको रकम, थप रकम माग गरेको दिनसम्मको खर्च, आयोजना सम्पन्न हुने मिति र आवश्यक पर्ने थप रकमसहित त्यस्तो कार्यक्रम/आयोजनाको कार्य प्रगतिको आधारमा मात्र सम्बन्धित मन्त्रालयमार्फत थप रकम माग आउने व्यवस्था मिलाउनु हुनेछ।

**वैदेशिक सहायता सम्बन्धमा :**

१४. सशर्त अनुदानमार्फत कार्यान्वयन हुने आयोजनामा वैदेशिक सहायताको अंशसमेत समावेश भएकोमा त्यस्ता आयोजना कार्यान्वयन गर्दा दातृ निकायसँग गरेको वित्तीय सम्झौता तथा आयोजना कार्यान्वयन निर्देशिकामा भएका व्यवस्था पालना गर्नु/गराउनु हुनेछ। दातृ निकायसँग भएको वित्तीय सम्झौता तथा आयोजना कार्यान्वयन निर्देशिका सम्वन्धित सङ्घीय मन्त्रालयबाट प्राप्त गर्नुहुनेछ।

१५. नेपाल सरकारबाट वित्तीय हस्तान्तरण हुने सशर्त अनुदान अन्तर्गतको वैदेशिक स्रोत समावेश भएको कुनै योजना तथा कार्यक्रम प्रदेशले कार्यान्वयन गर्दा वैदेशिक सहायता सम्झौता बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालयले निर्दिष्ट गरेको ढाँचामा खर्चको अभिलेख राखी निर्धारित समयमा नेपाल

सह सचिव

सरकारको सम्बन्धित मन्त्रालय, सम्बन्धित शोधभर्ना माग गर्ने निकाय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय तथा प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

१६. बुँदा नं १५ बमोजिमको प्रतिवेदन पेश नभएको कारणबाट खर्च रकम सोधभर्ना हुन नसकेमा त्यसरी सोधभर्ना हुन नसकेको रकम सम्बन्धित प्रदेशमा आगामी आर्थिक वर्ष २०८१/८२ मा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गरिनेछ।

**योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्थाः**

१७. नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना तथा कार्यक्रम प्रदेश मार्फत कार्यान्वयन गर्नु पर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले प्रदेशबाट कार्यक्रम कार्यान्वयन गर्ने गरी निर्णय गर्नु पर्नेछ।

१८. प्रदेशमा सशर्त अनुदान मार्फत हस्तान्तरण भएका योजना तथा कार्यक्रम कार्यान्वयनका लागि थप रकम माग गर्दा नेपाल सरकारको सम्बन्धित मन्त्रालय मार्फत माग गर्नु पर्नेछ।

१९. बुँदा नं. १८ बमोजिम थप रकम माग भई आएमा नेपाल सरकार, अर्थ मन्त्रालयले त्यस्तो योजना तथा कार्यक्रमको प्रगतिको आधारमा थप रकम उपलब्ध गराउन सक्नेछ। त्यसरी थप निकासा भएको रकम सम्बन्धित प्रदेशको वार्षिक बजेटमा समावेश गरी सम्बन्धित प्रदेश सभाबाट अनुमोदन गराई लेखाङ्कन तथा प्रतिवेदन गर्नु पर्नेछ।

२०. प्रदेशको बजेट तथा कार्यक्रममा समावेश भएको पूँजीगत तर्फको कुनै योजना तथा कार्यक्रम प्रदेशले नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई त्यस्तो योजना तथा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय गर्न सक्नेछ।

२१. बुँदा नं. १७, १८ र १९ बमोजिमको निर्णयको जानकारी नेपाल सरकारको सम्बन्धित मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, सम्बन्धित प्रदेश, सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

२२. बुँदा नं. १५ बमोजिम प्रदेशले कार्यान्वयन गर्ने वा बुँदा नं.१८ बमोजिम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा प्रदेशको योजना तथा कार्यक्रमको हकमा प्रदेश लेखा नियन्त्रक कार्यलय वा प्रदेश लेखा इकाई कार्यालयले सो निर्णयलाई

सह सचिव

खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेश मन्त्रालयगत वजेट सूचना प्रणालीमा नेपाल सरकारको सम्बन्धित कार्यालयलाई प्रदेश निकायको रुपमा कार्यालय कोड दिई रकम निकासा दिनु पर्नेछ।

२३. बुँदा नं. २० बमोजिम प्रदेशको योजना तथा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय भएमा प्रदेशले सङ्घीय निकायको नाममा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको विविध खातामा जम्मा हुने गरी निकासा दिनु पर्नेछ।

२४. सशर्त अनुदानबाट सञ्चालन हुने योजना तथा कार्यक्रम कार्यन्वयनका लागि द्विविधा पर्न गएमा सम्बन्धित सङ्घीय मन्त्रालय/निकायसँग समन्वय गर्नु हुनेछ।

२५. समानीकरण अनुदान तथा राजस्व बाँडफाँटको रकम स्वास्थ्य, शिक्षा, कृषि, आर्थिक पुनरुत्थान, जोखिममा रहेको वर्ग तथा समुदायको हित र त्यसपछि क्रमशः नागरिकका अन्य मौलिक हक कार्यान्वयनलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२६. वित्तीय हस्तान्तरणको उपयोग नेपालको संविधान, दिगो विकास लक्ष्य र पन्ध्रौं योजनाले निर्दिष्ट गरेका क्षेत्र र मार्गदर्शन बमोजिम गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२७. प्रदेशको स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरूको तलब तथा भत्ता प्रदेशको विनियोजित वजेटबाट व्यवस्थापन गर्नु पर्नेछ।

२८. विनियोजित बजेट तथा स्वीकृत कार्यक्रममा नपरेका कार्यक्रम/आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि बढाउनु हुने छैन। यस्ता कार्यक्रम/आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि बढाएमा सम्बन्धित पदाधिकारी नै जिम्मेवार हुनु पर्ने व्यवस्था मिलाउनु हुनेछ ।

२९. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१ अनुसार मालसामान तथा वस्तु खरिद गर्ने व्यवस्था मिलाउनु हुनेछ।

**लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण :**

३०. प्रदेशको बजेट तर्जुमा, खर्चको लेखाङ्कन र एकिकृत प्रतिवेदन प्रदेश स्तरीय मन्त्रालयगत वजेट सूचना प्रणाली (Provincial Line Ministry Budget Information System -PLMBIS) बाट गर्ने व्यवस्था मिलाउनु हुनेछ।

सह सचिव

३१. प्रदेशको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना तथा कार्यक्रम अर्को प्रदेशबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको प्रदेशको खर्च इकाइको रुपमा प्रचलित संघीय कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

३२. बुँदा नं. ३१ बमोजिमका योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रदेशले आर्थिक विवरण तयार गरी प्रमाणित गराई त्यस्तो आर्थिक विवरण तयार गरी प्रमाणित गराई सुरु विनियोजन भएको प्रदेशमा पठाउनु पर्नेछ।

३३. नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गतको वैदेशिक स्रोत समावेश भएका कुनै योजना तथा कार्यक्रम प्रदेशले कार्यान्वयन गर्ने गरी वित्तीय हस्तान्तरण गर्दा बजेटको स्रोत र भुक्तानी विधि समेत खुलाई पठाउनु पर्नेछ। यसरी प्राप्त भएको वैदेशिक स्रोतको रकम सम्बन्धित प्रदेशले वार्षिक बजेट तथा कार्यक्रममा सोही बमोजिमको स्रोत कायम गरी कार्यान्वयन गर्नु पर्नेछ।

३४. विनियोजन ऐन, २०८० बमोजिम समानीकरण अनुदान बाहेक विनियोजन भई खर्च नभएको रकम स्वतः फ्रिज हुने व्यवस्था भएकोले आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा ७ दिन अगावै निकासा र खर्चको लेखा अद्यावधिक गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३५. खर्च, राजस्व, कार्य सञ्चालन कोष तथा अन्य कोष, सम्पत्ति तथा दायित्व र धरौटीको लेखा राख्दा महालेखा नियन्त्रक कार्यालयले तोकेको विद्युतीय सूचना प्रणालीमा राख्ने र प्रतिवेदन गर्ने समेत व्यवस्था मिलाउनु हुनेछ।

३६. नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्न निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवाप्रदायक र परामर्शदाताको अनिवार्य रूपमा सम्बन्धित बैंक खातामा विद्युतीय प्रणालीमार्फत भुक्तानी (EFT) गर्ने व्यवस्था मिलाउनु हुनेछ। तलब, भत्ता, औषधि उपचार, उपदान, सञ्चित विदा र सामाजिक सुरक्षा भत्ता लगायतका सबै प्रकारका भुक्तानीहरू सोझै बैंक खातामा विद्युतीय प्रणालीमार्फत भुक्तानी (EFT) गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३७. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत खर्च, मसलन्द तथा कार्यालय सामाग्री खर्च, भत्ता, तालीम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च लगायतका प्रशासनिक खर्चमा अधिकतम मितव्ययिता अपनाई खर्च गर्नु हुनेछ। सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने नीति बमोजिम सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नु हुनेछ।

सह सचिव

नेपाल सरकार
# अर्थ मन्त्रालय
(वित्तीय संघीयता समन्वय महाशाखा)

पत्र संख्याः-
च. नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

३८. सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार, अन्तर्क्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ। सम्बन्धित संस्था वा सरकारी सभाहल उपलब्ध हुन नसक्ने अवस्थामा अधिकतम मितव्ययी हुने प्रकारले कार्यक्रम आयोजना गर्नु हुनेछ।

**वित्तीय अनुशासनः**

३९. प्रदेशले संकलन गरेको राजस्व र विनियोजन ऐन, २०८० तथा प्रचलित कानून बमोजिम प्राप्त गरेको राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरण वापतको रकम कानून बनाई खर्च गर्नु पर्नेछ।

४०. कानून बनाउँदा देहायका विषयलाई पालना हुने गरी बनाउनु पर्नेछ ।

(क) नेपाल सरकारको आर्थिक र वित्तीय नीति अनुशरण गर्ने,

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिल गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा मात्र खर्च गर्ने,

(घ) पूँजीगत खर्च तर्फ विनियोजित रकम चालु खर्चमा रकमान्तर नगर्ने,

(ङ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित सङ्घीय कानूनले निर्दिष्ट गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा प्रतिवेदन प्रणाली लागू गर्ने।

४१. महालेखा नियन्त्रक कार्यालयले आय र व्ययको एकीकृत आर्थिक विवरण तयार गरी महालेखा परीक्षकको कार्यालयमा पेश गर्नुपर्ने हुँदा निर्धारित ढाँचामा प्रदेशको आय व्ययको विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत निर्धारित समय भित्रै पठाउने व्यवस्था गर्नु पर्नेछ।

४२. आर्थिक वर्ष २०८०/८१ को आम्दानी र खर्चको प्रतिवेदन तोकिएको ढाँचामा सम्वत् २०८१ साउन मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ। त्यस्तो प्रतिवेदन प्राप्त नभई आगामी आर्थिक वर्ष २०८१/८२ को राजस्व बाँडफाँट र अनुदान वापतको रकम हस्तान्तरण हुने छैन।

सह सचिव

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३

नेपाल सरकार
# अर्थ मन्त्रालय
(वित्तीय संघीयता समन्वय महाशाखा)

पत्र संख्याः-
च. नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

४३. सशर्त अनुदानमा उल्लेखित कार्यक्रम बाहेक प्रदेशको अधिकार सूचीमा पर्ने सबै कार्यक्रम र योजनाहरूको व्ययभार प्रदेश सञ्चित कोषमा जम्मा भएको राजस्व बाँडफाँट र समानीकरण अनुदानबाट नै व्यवस्थापन गर्नु पर्नेछ।

आर्थिक वर्ष २०८०/८१ को बजेटसँग सम्बन्धित प्रकाशनहरु यस मन्त्रालयको Website: www.mof.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

(ईश्वरी प्रसाद अर्याल)
सहसचिव

बोधार्थ:
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार।
श्री महालेखा परीक्षकको कार्यालय, अनामनगर।
श्री राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सिंहदरबार।
श्री राष्ट्रिय योजना आयोग, सिंहदरबार।
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३ ...